# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।०९ गते

# प्रेस विज्ञप्ति

**विषय: अनुसन्धानमा सक्रियता।**

---

आयोगले भ्रष्टाचार र अनियमितता सम्बन्धी बढी उजुरी परेका निकायको अनुसन्धान कार्यलाई तीव्रता दिएको छ। स्थानीय तहमा विकास निर्माण लगायतका कार्यमा हुने गरेका अनियमितता र भ्रष्टाचारजन्य क्रियाकलापहरुको अनुसन्धान गर्ने कार्यमा आयोगको अनुसन्धान टोली सक्रिय रहेको छ। स्थानीय तहका काम कारवाहीका विषयमा परेका उजुरीहरूको अनुसन्धानकार्यमा तीब्रता दिइ टुङ्गोमा पुगी उजुरी फछ्यौंट गर्न आयोगले Fast Track को माध्यमबाट सम्बन्धित ठाउँमा प्राविधिक सहितको टोली खटाइ अनुसन्धान कार्य अघि बढाएको छ। यसै सन्दर्भमा पहाडी जिल्लाहरु मध्ये बढी उजुरी भएका कास्की र पर्वत जिल्लाका उजुरीहरुलाई स्थलगत अनुगमन गरी अनुसन्धान तथा छानवीन गर्न स्थलगत टोली खटिएको छ । स्थानीय तहसँग सम्बन्धित यस किसिमका उजुरीहरुलाई आयोगबाट खटिएको टोलीले संकलन गरेका तथ्य प्रमाणका आधारमा अनुसन्धान एवं छानविन गरी सिघ्र टुङ्गोमा पुग्नेछ । आगामी दिनमा पनि वढी उजुरी परेका अन्य विषयगत क्षेत्र मुलुकका अन्य जिल्लामा समेत यस किसिमको अनुसन्धान प्रकृयालाई निरन्तरता दिइनेछ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता